नेपाल लघु वित्त बैंकर्स संघ
Nepal Microfinance Banker's Association
(NMBA)

जिप्र का काठमाण्डौ
द नं: ५४१/०६३
दर्ता मिति: २०६३/८/१३
स.क.प.द.नं: २६१८३
पाननं: ३०२७४५०१६
ठेगानाः का.जि.का.म.न.पा.
वडा नं १, नक्साल, काठमाण्डौ

## प्रेस विज्ञप्ति

नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको ऐन, नियम, कानून र निर्देशनको परिधिमा रही पब्लिक लिमिटेड कम्पनीको रुपमा सञ्चालित लघुवित्त वित्तीय संस्थाहरुले आम जनता बाटै संकलित ठुलो परिमाणको रकम विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त गरी दुर्गम क्षेत्रमा बसोबास गर्ने लाखौ विपन्न परिवारहरुलाई सरल र सहज तरिकाले घर दैलोमै वित्तीय सेवा प्रदान गर्दै महत्वपूर्ण योगदान पुऱ्याइरहेको व्यहोरा अवगत नै छ ।

विगत लामो समय देखि लघुवित्त विरुद्धमा केहि समूहले लघुवित्तको कारोबारलाई बाधा पुऱ्याउने, कर्मचारीहरुलाई धम्कि दिने र अनावश्यक आक्षेप लगाई प्रचार प्रसार गर्ने क्रम चलिरहेकोमा मिति २०७९/०७/२४ गतेका दिन दाङ्ग जिल्लामा लघुवित्त वित्तीय संस्थाका कर्मचारीहरु विगत ८ महिना देखि रोकिएको किस्ता असुलीका लागि जांदा ग्राहक सदस्यले आफ्नो घर तथा समूह सदस्य बाहिरको व्यक्तिहरुलाई बोलाई वित्तीय संस्थाका केही कर्मचारीहरु माथि साँघातिक आक्रमण गरि गम्भिर चोट पुऱ्याएकोमा लघुवित्त वित्तीय संस्थाहरुको छाता संगठन नेपाल लघुवित्त बैंकर्स संघको गम्भिर ध्यानाकर्षण भएको छ । यस्ता अवाञ्छित गतिविधिले ग्राहकहरु तथा विपन्न वर्गले वित्तीय सेवा सहज रुपमा पाउने अधिकारबाट वञ्चित हुन पुगेको छ भने ऐन,कानून बमोजिम स्थापित संस्थाहरुले कानून बमोजिम कारोबार गर्ने अधिकारबाट वञ्चित हुन पुगेकोमा यस संघ खेद प्रकट गर्दछ । यस्ता अनाधिकृत गतिविधिहरुलाई तत्काल रोक्न सम्वद्ध पक्षलाई हामी हार्दिक अनुरोध गदछौं । यस प्रकारका अवाञ्छित गतिविधिहरुलाई तत्काल नियन्त्रण गरि अत्यावश्यक सेवा अन्तर्गत रहेको वित्तीय सेवा नियमित रुपमा सञ्चालनमा रहने वातावरणको लागि सहयोग पुऱ्याई दिनुहुन नेपाल सरकार, नेपाल राष्ट्र बैंक, स्थानीय सरकार तथा सम्वन्धित अन्य निकायहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

ग्राहक र संस्थाको बिचमा सुमधुर सम्बन्ध कायम गरी ग्राहक संरक्षणको आधारलाई मुख्य प्राथमिकतामा राखी सेवा प्रवाह गर्ने लघुवित्त वित्तीय संस्थाहरु सदैव दृढ रहेको कुरा सम्पूर्ण सरोकारवाला निकायहरु तथा ग्राहकहरुलाई यस संघ जानकारी गराउन चाहन्छ । साथै यस्ता किसिमका घटनाहरुबाट कत्ति पनि विचलित नभई आगामी दिनमा पनि निरन्तर रुपमा ग्राहक सदस्यहरुलाई अझ उत्कृष्ट सेवा उपलब्ध गराउने कुराको प्रतिवद्धता पनि व्यक्त गर्दछौं ।

धन्यवाद!!!

प्रकाश राज शर्मा
अध्यक्ष
मिति २०७९/०७/३०